## बैठक संख्या १

आज मिति २०८२ साल श्रावण ५ गते सोमबारका दिन यस तेमाल गाउँपालिकाका अध्यक्ष श्री चन्द्र बहादुर तामाङज्यूको अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको प्रस्तावहरु माथी छलफल गरि निर्णय गरियो ।

उपस्थिति

| क.सं. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | चन्द्र बहादुर तामाङ | अध्यक्ष | |
| २ | दलमान थोकर | उपाध्यक्ष | |
| ३ | इन्द्र बहादुर अधिकारी | सदस्य, वडा अध्यक्ष वडा नं. १ | |
| ४ | देव राज तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. २ | |
| ५ | विष्णु बहादुर तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | पेम्बा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | हजार सिं लामा तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | प्रेम बहादुर तामामङ | सदस्य, वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | इन्द्र लाल तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ७ | |
| १० | तेमाल सिं तामाङ | सदस्य, वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | चन्द्र बहादुर लामा | सदस्य, वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | छयोङसाङ तामाङ | कार्यपालिका सदस्य | |
| १३ | सुसिला माझी | कार्यपालिका सदस्य | |
| १४ | मोहन माया सुनार | कार्यपालिका सदस्य | मोहन |
| १५ | अन्जु विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १६ | केशव रसाइली | कार्यपालिका सदस्य | |
| १७ | चन्डिका भुजेल | कार्यपालिका सदस्य | |
| १८ | योगेन्द्र राज गुरुङ्ग | प्रमुख प्रशासकीय अधिकृत | |

आमान्त्रित

१.

२.

३.

CamScanner

प्रस्तावहरु

१. आन्तरिक मामिला तथा कानून मन्त्रालय बागमती प्रदेश सरकारबाट विनियोजित रकम माग सम्बन्धमा ।
२. तेमाल गाउँपालिका भित्र रहेको जोखिमयुक्त ढुंगा व्यवस्थापन गर्ने सम्बन्धमा ।
३. कर्मचारीको तहवृद्धि गर्ने सम्बन्धमा ।
४. विविध सम्बन्धमा ।

निर्णय नम्बर १: प्रस्ताव नं.१ माथी छलफल गर्दा आन्तरिक मामिला तथा कानून मन्त्रालय हेटौंडा, नेपालको प्रदेश विपद् व्यवस्थापन कोष परिचालन कार्यविधि, २०८० को दफा ३ (क) को उपदफा २ र ३ अनुसार जोखिम न्यूनीकरण गर्न लागि रकम माग गर्ने निर्णय गरियो ।

निर्णय नम्बर २: प्रस्ताव नं. २ माथी छलफल गर्दा तेमाल गाउँपालिका अन्तर्गतका रहेको जोखिमयुक्त ढुंगाबाट स्थानीयहरुको बस्ति जोखिम रहेको हुँदा उक्त ढुंगा गाउँपालिकाको विपद् कोषबाट खर्च गर्ने गरि व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नम्बर ३: प्रस्ताव नं. ३ माथी छलफल गर्दा बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० को उपदफा १ बमोजिम दिइएको निवेदन अनुसार सेवा प्रशासन समुह लेखा/आलेप सहायक पाँचौ यस गाउँपालिकामा कार्यरत कर्मचारी श्री माधव प्रसाद घिमिरेलाई सेवा प्रशासन समुह लेखा सहायक लेखा अधिकृत छैठौं तहमा बागमती प्रदेश सरकारबाट जारी भएको स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा ३० बमोजिम तह वृद्धि गर्ने सर्वसम्मत निर्णय गरियो ।

**विविध**

विविध (क) माथी छलफल गर्दा अविरल वर्षाका कारण अवरुद्ध भएका यस गाउँपालिका वडा नं. १ देखि ९ सम्मको वडा देखि पालिका जोड्ने सडकहरु स्थानीयहरुको आकास्मिक सेवाका लागि तत्काल सुचारु गर्नुपर्ने भएको हुँदा इन्धन बाहेक प्रति घण्टा VAT बाहेक रु २३००/- (अक्षरुपी तेइस सय) (भत्ता सहित) का दरले स्काभेटर भाडा लिई सडक सञ्चालन कार्य सुचारु गर्ने निर्णय गरियो ।

विविध (ख) माथी छलफल गर्दा यस गाउँपालिका वडा नं. १ देखि ९ सम्मको वडा देखि पालिका जोड्ने सडकहरु सरसफाई गर्दा कामको यथार्थ विवरण, काम शुरु गर्नु भन्दा पहिलाको फोटो, प्राविधिक लागत अनुमान सहितको विवरण पेश भइ सकेपाछि मात्रा कार्य सञ्चालन अनुमाति दिनका लागि प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

CamScanner